नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

## जिल्ला समिति, धादिङ

प. सं ०७९/८०
च.नं. : १७७

मिति २०८०/०३/१८

आयुक्त

विषय : ७ (सात) दिने सार्वजानिक सुचना प्रकाशन गरिएको सम्बन्धमा।

अनुसुचि २
(दफा ५ उपदफा (२) खण्ड (ख) को प्रयोजनका लागि)
अव्यबस्थित बसोबासीहरुका हकमा जिल्ला समिति धादिङबाट प्रकाशित गरियको ।

सुचना

प्रस्तुत विषयमा (गल्छी गाउँपालिका वडा नं. १ देखी वडा नं. ८ सम्मको वडाबाट प्रस्तुत विषयमा विभिन्न मितिमा गल्छी गाउँपालिका वडा नं. १ देखी वडा नं. ८ सम्मको निम्न अनुसारको वडा अनुसारको विवरण वडाबाट प्राप्त भए अनुसार मै ७ दिने सुचना प्रकाशन गर्ने मिति २०८० साल अषाढ ६ गते बसेको जिल्ला समितिको निर्णय अनुसार गल्छि गाउँपालिकाको वडा नं. १ बाट अव्यवस्थित ३१२ जना, वडा नं. २ बाट १८३ जना, वडा नं. ३ बाट ५९ जना, वडा नं. ४ बाट १६४ जना, वडा नं. ५ बाट १२० जना, वडा नं. ६ बाट २७१ जना, वडा नं. ७ बाट २६३ जना, र वडा नं. ८ बाट ४०१ जनाको यसै सुचना सँगलग्न नामावली ( स्थानिय तहबाट प्रमाणिकरण भई आएका ) अव्यबस्थित बसोबासीले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि आबादिमा परिणत भएको जग्गामा कम्तीमा १० वर्षदेखी आबत कमोत गरी घर टहरा बनाई बसोबास गरेका र मिति २०७६ माघ २८ गते पछि आफू र आफ्नो परिवारका कुनै सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाकरो कुनै जग्गाको स्वामित्वसहितको आवस उपलब्ध नगराएको भनी आफुलाई अव्यबस्थित बसोबासीको रुपमा दावि गरी आफूले आबाद कमोत गर्दै आइरहेको जग्गा पाउन स्थानिय तहमार्फत प्रमाणिकरण भई जिल्ला समितिमा विवरण प्राप्त भएकोले सबैको जानकारीका लागीयो सुचना प्रकाशन गरिएको छ। निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नुपरेमा निवेदक स्वयंले र कुनै उजुरी वा दावि विरोध भए जोसुकैले ७ (सात) (दिनभित्र २०८०/०३/२५ सम्म जिल्ला समितिमा प्रमाणसहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ ।

२०८०/०३/१८

कृष्ण प्रसाद अर्याल
अध्यक्ष
राष्ट्रिय भूमि आयोग धादिङ

Email: bhumiaayogdhading@gmail.com

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

## जिल्ला समिति, धादिङ

प. सं ०७९/८०
च.नं. : १७८

मिति २०८०/०३/१८

गाउँपालिका

बिषय : <u>७ (सात) दिने सार्वजानिक सुचना प्रकाशन गरिएको सम्बन्धमा।</u>

अनुसुचि १
(दफा ४ उपदफा (२) खण्ड (ख) को प्रयोजनका लागि)
भूमिहिन दलित, भूमिहीन सुकुम्बासी बसोबासीहरुका हकमा जिल्ला समिति धादिङबाट प्रकाशन गरियको ।

सुचना

प्रस्तुत विषयमा (गल्छी गाउँपालिका वडा नं. १ देखी वडा नं. ८ सम्मको वडाबाट प्रस्तुत विषयमा विभिन्न मितिमा गल्छी गाउँपालिका वडा नं. १ देखी वडा नं. ८ सम्मको निम्न अनुसारको वडा अनुसारको विवरण वडाबाट प्राप्त भए अनुसार मै ७ दिने सुचना प्रकाशन गर्ने मिति २०८० साल अषाढ ६ गते बसेको जिल्ला समितिको निर्णय अनुसार गल्छि गाउँपालिकाको वडा नं. १ बाट भूमिहिन दलित, भूमिहीन सुकुम्बासी १६ जना , वडा नं. २ बाट ६ जना , वडा नं. ३ बाट ० जना , वडा नं. ४ बाट १३ जना ; वडा नं. ५ बाट ३ जना , वडा नं. ६ बाट ५ जना , वडा नं. ७ बाट १२ जना , र वडा नं. ८ बाट ११ जनाको यसै सुचना साथ सँगलग्न नामावली) स्थनिय तहबाट प्रमाणिकरण भइआएका भूमिहिन दलित र भूमिहीन सुकुम्बासी बसोबासीले आफ्नो र आफ्नो परिवरका सदस्यको स्वामित्वमा नेपाल राज्य भित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ भएको, विगतमा आफु र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गाको स्वामित्वहिनको आवस उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ गते पछि आफ्नो वा परिवारको कुनै सदस्यको नाममा रहेको जग्गा बिक्रि वा हस्तान्तरण नगरेको भनि भूमिहिन दलित / भूमिहीन सुकुम्बासी दाबी गरी जग्गा आबात कमोत गर्दै आएको स्थान वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निः शुल्क जग्गापाउन स्थानिय तहमार्फत प्रमाणिकरण भई जिल्ला समितिमा विवरण प्राप्त भएकाले सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ । निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नुपरेमा निवेदक स्वयंले र कुनै उजुरी वा दावि विरोध भए जोसुकैले ७ (सात)(दिनभित्र २०८०/०३/२५ सम्म जिल्ला समितिमा प्रमाणसहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ ।

२०८०/०३/१८

कृष्ण प्रसाद अर्याल
अध्यक्ष
राष्ट्रिय भूमि आयोग धादिङ

Email: bhumiaayogdhading@gmail.com